स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



मनोवैज्ञानिक थ्रीलर कथावस्तुमा निर्माण भएको फिल्म 'द ब्लू लाइट' को ट्रेलर युट्युबमा सार्वजनिक भएको छ। अभिनेत्री बेनिशा हमालको फिल्म निर्माण कम्पनी मौरी पिक्चर्सको युट्युब च्यानलबाट ट्रेलर सार्वजनिक गरिएको हो। बेनिशाले यो फिल्मबाट डिजिटल अधिकार लिने कार्य थालेकी हुन्। उनी यो फिल्मकी कार्यकारी निर्मात्री तथा अभिनेत्री समेत हुन्।

आजको विचार...



आत्मनिर्भर...
(दुई पेजमा)

डा. नारायणप्रसाद निरौला



सन् २००५ मा 'मिस टिन नेपाल' जितेसँगै प्रियंका कार्कीको ग्ल्यामर करिअर सुरु भएको थियो। सौन्दर्य प्रतियोगिताको यो उपाधि जितेसँगै उनको लागि मनोरञ्जन र मोडलिङको ढोका खुल्यो। टिनीको भिजे हुँदै दर्जनौं विज्ञापनमा अभिनय गरेकी प्रियंका घरेलु फिल्मकी अग्लो नाम समेत हुन्। अभिनयसँगै उनको फेसन स्टेटमेन्टलाई पछ्याउनेको संख्या उच्च छ। उनी सोसल मिडिया 'इन्फ्लुएन्सर' पनि हुन्। 'मेरो बेस्ट फ्रेन्ड' मा शीर्ष भूमिका निर्वाह गरेसँगै उनले फिल्म करिअरमा पछाडि फर्केर हेर्नुपरेन।

❒ वर्ष ३१ अंक १७१ ❒ २०८२ माघ ४ गते आइतबार 18 January 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### अफ्रिकामा भीषण वर्षा र बाढी १०० को मृत्यु

(रासस/एपी)

**जोहनसबर्ग,** माघ ३/दक्षिणी अफ्रिकाका देशहरू दक्षिण अफ्रिका, मोजाम्बिक र जिम्बाब्वेमा निरन्तरको भीषण वर्षा र बाढीका कारण १०० भन्दा बढी मानिसको ज्यान गएको छ । धेरै क्षेत्रमा अझै पनि भारी वर्षाको चेतावनी जारी गरिएको छ । सबैभन्दा बढी क्षति मोजाम्बिकमा भएको छ । त्यहाँको विपद् व्यवस्थापन निकायका अनुसार गत वर्षको अन्त्यदेखि सुरु भएको असामान्य वर्षायामका कारण १०३ जनाको मृत्यु भएको छ। बाढी, डुबान, पूर्वाधार भत्किनु, चट्याङ लाग्नु र हैजाजस्ता कारणले ज्यान गएको जनाइएको छ। विश्व खाद्य कार्यक्रमका अनुसार मोजाम्बिकमा दुई लाखभन्दा बढी मानिस प्रभावित भएका छन् भने हजारौं घर क्षतिग्रस्त भएका छन् । दक्षिण अफ्रिकामा उत्तरी लिम्पोपो र एम्पुमालांगा प्रान्तमा आएको बाढीका कारण कम्तीमा ३० जनाको मृत्यु भएको छ। सेनाले हेलिकप्टरमार्फत छानामा र रूखमा फसेका मानिसहरूको उद्धार गरेको छ। राष्ट्रपति सिरिल रामाफोसाले एक साताभित्र करिब ४०० मिलिमिटर वर्षा भएको र धेरै घर पूर्ण रूपमा बगाएको बताएका छन् । प्रसिद्ध क्रुगर राष्ट्रिय निकुञ्जमा पनि बाढीको ठूलो असर परेको छ । त्यहाँका करिब ६०० पर्यटक र कर्मचारीलाई सुरक्षित स्थानमा सारिएको छ ।

# काँग्रेस 'पुस्तान्तरण'

## पुरानो नेतृत्वको युग अन्त्य

हाम्रा संवाददाता

**पाल्पा,** माघ ३/निर्वाचन आयोगले गगन थापाको नेतृत्वमा विशेष महाधिवेशनबाट चयन भएको नयाँ काँग्रेस कार्यसमितिलाई आधिकारिकता दिएको छ । पार्टी नेतृत्वको असहमतिबीच महामन्त्रीद्वयको आह्वानमा भएको विशेष महाधिवेशनले बहुमत प्रतिनिधिको उपस्थितिमा चयन गरेको नयाँ कार्यसमितिलाई निर्वाचन आयोगले शुक्रबार मान्यता दिएको हो । आयोगको निर्णयसँगै काँग्रेसमा लामो समयदेखि चल्दै आएको पुरानो नेतृत्वको युग अन्त्य भएको छ ।

काँग्रेसको भातृ संगठन नेपाल विद्यार्थी संघ (नेविसंघ) बाट उदाएका थापाले गणतन्त्रका लागि मात्र होइन, पार्टीको आन्तरिक लोकतन्त्र र रूपान्तरणको मुद्दा पनि बेस्सरी उठाए । उनले कांग्रेसमा रूपान्तरणको मुद्दा उठाउँदा नेतृत्व तहबाटै अनेक आक्षेप पनि सहनुपर्‍यो । 'दरबारिया र एजेन्ट' का आक्षेपले पनि गगन गलेनन् । अविचलित भएर निरन्तर



नेतृत्वसँग प्रश्न गरिरहे । त्यही संघर्ष, आँट र साहसकै कारण ४९ वर्षमा गगनको काँधमा मुलुकको पुरानो पार्टी कांग्रेसको जिम्मेवारी आइपुगेको छ । हुन त गगनले त्यति सजिलै जिम्मेवारी भने पाएका होइनन् । वृद्ध नेतृत्वसँग विद्रोह गर्दै पार्टीको विशेष महाधिवेशन गरे । महाधिवेशनले गगनलाई सभापतिमा निर्विरोध निर्वाचित गर्‍यो । निर्वाचन आयोगले गगन नेतृत्वलाई मान्यता दियो । मुलुकको सबैभन्दा पुरानो पार्टी हाँक्ने अवसर गगनलाई प्राप्त भएको छ । उनलाई उपसभापतिमा विश्वप्रकाश शर्मा, महामन्त्रीद्वय गुरुराज घिमिरे तथा प्रदीप पौडेलको बलियो साथ रहेको छ । उनीहरु सबै युवाहरु नै हुन् । अझ उनीहरुको राजनीतिक यात्रा बडो रोचकको छ । विद्यार्थीकालदेखि पार्टी राजनीतिमा आइपुग्दा चारजना सँगसँगै छन् । नेविसंघको एउटै कमिटीका उनीहरूले कांग्रेस कमिटीमा पद अदली-बदली गरेका छन् । कांग्रेस सभापति बनेका गगन नेविसंघको अध्यक्ष बन्न पाएनन् । तर, नेविसंघको पालैपालो अध्यक्ष बनेका शर्मा, घिमिरे र पौडेल भने अहिले गगनको कमिटीमा छन् । विश्वप्रकाश नेविसंघ सभापति हुँदा गगन उपसभापति, प्रदीप र गुरुराज सहमहामन्त्री थिए । गुरुराज सभापति हुँदा गगन महामन्त्री र प्रदीप उपसभापति थिए । तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाको अवरोधका कारण गगन नेविसंघको अध्यक्ष बन्नबाट वञ्चित भए । कांग्रेसमा हक्की र जोखिम मोल्ने क्षमता बोकेका गगन र वैचारिकतामा अगाडि देखिने विश्वप्रकाशको राजनीतिक सम्बन्ध निकै लामो छ । यी दुईको राजनीतिक सम्बन्धको डोरी कति कसिलो थियो भनेर बुझ्न ०५७ तिर फर्किनुपर्ने हुन्छ । त्यतिवेला शर्मा र थापा नेविसंघको केन्द्रीय समितिमा एकै ठाउँमा थिए । विश्वप्रकाश ०५७ मा नेविसंघको सभापति र गगन उपसभापति बने । अहिले ठ्याक्कै २५ वर्षपछि गगन पार्टी सभापति र विश्वप्रकाश उपसभापति बनेका छन् । २७-३० पुससम्म भृकुटीमण्डपमा भएको पार्टीको विशेष महाधिवेशनले गगनलाई पार्टी सभापतिमा चयन गरेको थियो । कांग्रेसको महाधिवेशनबाट निर्वाचित सभापति गगन पक्षले पार्टीका विवरण अद्यावधिक गर्न निर्वाचन आयोगमा निवेदन दिएको थियो भने शेरबहादुर देउवा पक्षले उक्त निवेदनको विपक्षमा निवेदन दिएको थियो । आयोगले भने कांग्रेसको विधानमा रहेका प्रावधानलाई मुख्य आधार बनाएर आधिकारिकतासम्बन्धी निर्णय गरेको हो । आयोगले दलको विधानअनुसार महाधिवेशन सर्वोच्च निकाय भएकाले त्यसले गरेको निर्णयलाई विधिसम्मत मानेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

## पार्टी छाडेकालाई कांग्रेसमा फर्कन आह्वान



**पाल्पा,** माघ ३/नेपाली कांग्रेसले विभिन्न कारणले पार्टीमा निष्क्रिय रहेका र पार्टी छाडेकालाई पुन: कांग्रेसमा फर्कन आह्वान गरेको छ ।

नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको शनिबार नयाँ बानेश्वरमा बसेको बैठकले विभिन्न कारणले पार्टीबाट निष्क्रिय रहेका, विभिन्न कारणले पार्टी छाडेका सबै नेता, कार्यकर्तालाई पार्टीमा पुन : जोडिन आह्वान गरेको हो । पार्टी सभापति गगन थापाको नेतृत्वमा बसेको बैंठकले अबको समय एकता, सद्भाव र सहकार्यको हो भन्दै देश-विदेशमा रहेका सबै कांग्रेसजन, सबै तहका समितिहरू र सबै भ्रातृ तथा शुभेच्छुक संस्थाका नेता, कार्यकर्तालाई एकताका साथ फागुन २१ को निर्वाचनमा सशक्त रूपमा सहभागी हुन समेत आह्वान गरेको छ । बैंठकले निर्वाचन आयोगले नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनका निर्णयलाई संविधान, कानुन र पार्टी विधानअनुसार मान्यता दिई अद्यावधिक गरेकामा आयोगप्रति आभार व्यक्त गरेको छ । यस्तै बैठकले पार्टीका निवर्तमान सभापति शेरबहादुर देउवालगायत पार्टीका अन्य नेताले कांग्रेसको नेतृत्वमा रही लामो समयदेखि पुर्‍याएको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन समेत गरेको छ ।

## जलपन्छीको वासस्थान जोखिममा

**नेपालगन्ज,** माघ ३/बाँकेमा पानीमा आश्रित जलपन्छीको वासस्थान जोखिममा रहेको पाइएको छ । बाँकेमा दुई दिन सम्म भएको जलपन्छी गणनाका क्रममा सो अवस्था देखा परेको हो ।



विभिन्न तालतलैया, सिमासर र जलाशय क्षेत्र तथा नदीमा जलपन्छीको गणनापछि जथाभावी विषादीको प्रयोग, भौतिक पूर्वाधारको विकासलगायतका कारण जलपन्छीको वासस्थान जोखिममा रहेको नेपाल पन्छी संरक्षण सैका परियोजना अधिकृत भुपाल नेपालीले जानकारी दिए । उनले बाँकेको राप्ती नदी तटीय क्षेत्र कुसुम, अगैया, सिधनियाघाट, तालतलैया तथा जलाशय क्षेत्रमा जलपन्छीको गणना गरिएको उल्लेख गर्दै नेपालगन्जमा रहेको कान्तितालमा विगतमा भन्दा जलपन्छी घटेको पाइएको बताए । "पहिलेको वर्षमा ५५ प्रजातीका जलपन्छी देखेका थियौँ तर अहिले त्यो अवस्था घटेको देख्यौँ", उनले भने । जिल्लामा करिब ५० प्रजातिका जलपन्छी रहेको जानकारी दिँदै नेपालीले सबैभन्दा बढी चखेवा र सिलसिले हाँस पाइएको उल्लेख गरे । नेपालमा हरेक वर्ष जनवरीको पहिलो हप्तादेखि जलपन्छी गणना हुँदै आएको छ । यस वर्ष नेपालका विभिन्न स्थानमा पुस १९ गतेदेखि जलपन्छीको गणना सुरु गरिएको र माघ ४ गतेसम्म अन्य जिल्लामा गणना गरिने उनको भनाइ छ । जाडो याममा उत्तरी ुवमा हिउँ पर्ने हुँदा त्यहाँका चरालाई आहारविहारको समस्या पर्ने हुँदा हरेक वर्ष आगन्तुक चरा खानाको खोजीमा बसाइँसराइ गरी यतातिर आउने गरेको उनको भनाइ छ । "उत्तरी ुवमा हिउँ परेपछि आहारविहारको कमी हुने हुँदा बसाइँसराइ गरेर चरा नेपाल आउने गर्छन्, विश्वमा चराका आठ वटा उडान मार्ग छन्, नेपाल दक्षिण एसिया मार्ग पर्छ, विभिन्न देशबाट चरा यो मार्ग हुँदै नेपाल आउँछन्, प्राय: हाँस प्रजातिका बढी आउने गर्दछन्, उनीहरुको अवस्थाका बारेमा हामीले तथ्याङ्क सङ्कलन गर्दछौँ", नेपालीले भने ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## स्वास्थ्य बिमा असफल हुनबाट रोक

सरकारले नागरिकका लागि ल्याएको स्वास्थ्य बिमा कार्यक्रम असफलतातर्फ उन्मुख भएको छ । सरकारको स्वामित्वमा रहेका स्वास्थ्य संस्थाले नै बिमा सेवा नदिने निर्णय गर्न थालेपछि उक्त कार्यक्रम असफलतातर्फ उन्मुख हुन थालेको देखिएको हो । स्वास्थ्य उपचारमा सबै नागरिकको पहुँच सुनिश्चित गर्न सरकारले सामाजिक सुरक्षाका रूपमा आर्थिक वर्ष २०७२/७३ मा राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम शुरू गरेको थियो । स्वास्थ्य बीमा ऐन अन्तर्गत स्वास्थ्य बीमा बोर्ड गठन गरेर सञ्चालन गरिएको यो कार्यक्रममा बीमितहरूले तोकिएका स्वास्थ्य संस्थाबाट बीमा सुविधा अनुसारका तोकिएको औषधोपचार नि:शुल्क पाउँदै आएका थिए । यसले आम नागरिकलाई निकै सहज र राहत मिल्दै आएको छ । तर पछिल्लो समय स्वास्थ्य संस्थाहरुले धमाधम कार्यक्रम बन्द गर्न थालेपछि भने स्वास्थ्य बिमा प्रणाली स्वयं अस्तित्वको संकटमा फस्न थालेको छ । यो अत्यन्तै दुखको कुरा हो ।

अधिकांस ठूला अस्पतालहरुले क्रमश: विमा कार्यक्रम बन्द गर्दै गएका छन । अहिले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले सूचना नै जारी गर्दै माघ १ गतेदेखि स्वास्थ्य बिमा कार्यान्वयन नगर्ने भनी सरकारलाई चुनौती दिइसकेको छ । गम्भीर कुरा के छ भने, सरकारले बिमाबापतको भुक्तानी समयमै नगर्दा अस्पतालहरू सेवा दिन नसक्ने अवस्थामा पुगेका हुन् । स्वास्थ्य बिमा नेपालका लागि विकल्प होइन, बाध्यता हो । यसले धेरै पिछडिएका वर्गलाई राहत दिएको तथ्य अस्वीकार गर्न सकिँदैन । स्वास्थ्य सेवामा राज्यको कुनै कार्यक्रम सञ्चालन नहुने हो भने आर्थिक रूपमा सक्षम परिवारले मात्रै उपचार गर्न सक्ने स्थिति रहन्छ । त्यसैले राज्यको दायित्व कम गर्ने र आर्थिक रूपमा कमजोरले पनि उपचार पाउने सुनिश्चितता गर्नका लागि स्वास्थ्य बिमा कार्यक्रम चाहिएको हो । यसको प्रभावकारिता चाहिएको हो । यो अति आवश्यक छ । तसर्थ स्वास्थ्य विमा कार्यक्रमलाई कडा नीतिगत निर्णय, औपचारिक क्षेत्रको अनिवार्य सहभागिता, दोहोरो स्वास्थ्य सुविधा अन्त्य, अर्थ मन्त्रालयको सह–जिम्मेवारी र प्रभावकारी कार्यान्वयन गरी सफल बनाउने दिशामा सरकारले ध्यान दिन जरुरी छ ।

## Opinion @ Socia Network

म कसै सङ्ग बद्ला लिने सोच राख्दिन
किन कि खराब फल आफै बोटबाट झरेर जान्छ ।
*(माया लाम्काको **फेसबुक स्टाटसबाट** www.facebook.com/Maya.Lamka)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आत्मनिर्भर वर्तमानको आवश्यकता



**डा. नारायणप्रसाद निरौला**

*विदेशी बीउ बीजनभन्दा पनि स्वदेशी बीउबाट बीउ हुने प्रणालीलाई प्राथमिकतामा राख्नु आवइश्क हुन्छ । प्राङ्गारिक मलद्वारा कसरी धेरै उत्पादन दिन सकिन्छ भन्ने विषयमा खोज अनुसन्धान हुनुपर्दछ । कृषिमा मन्द विषको प्रभाव विस्तारै सर्वत्र छरिन थालेको छ । बीउमा परनिर्भर, मलमा परनिर्भर हुनुपर्ने बाध्यात्मक परिस्थितिको सिर्जना भइरहेको छ । जबसम्म हाम्रा स्थानीय प्रणाली नै पुनर्जीवित हुँदैनन् तबसम्म हाम्रो कृषिमा आत्मनिर्भरको बाटो खुल्दैन । शिक्षाको क्षेत्रमा पनि हामी परनिर्भर नै छौँ । हाम्रा नीति अरूले बनाइदिनु हुन्न । आफैँले बनाएका नीतिमा आफैँ अगाडि बढ्न सक्नुपर्दछ । राष्ट्रिय आवश्यकतालाई प्राथमिकतामा राख्न सक्नुपर्दछ । हाम्रा आफ्ना शिक्षा पद्धति र परम्परलाई खोज्न र तदनुसार शिक्षा प्रणाली चलाउन सक्नुपर्दछ । समयनुसार आजको प्रविधिलाई पनि आत्मसाथ गर्ने शिक्षा हुनुपर्दछ । आजको हाम्रो माग र आवश्यकता के हो ? विश्वले कसरी शिक्षा दिइरहेको छ यी सबै परिप्रेक्ष बुझेर आफ्नो आवश्यकता अनुसारको शिक्षा दिनु आवश्यक छ ।*

संसारमा जति पनि विजयका पताका फैलिएका छन् सबै आत्मनिर्भरको बाटोमा अघि बढेर नै प्राप्त भएको हो । चाहे व्यक्ति भनौ वा देश आत्मनिर्भरले नै सफलताको शिरमा पुर्याउने गर्दछ । जसबसम्म हामी अरूको भरमा चल्ने गर्दछौँ तबसम्म हाम्रो उन्नति हुँन सक्दैन । अरूले दिएको वस्तुले जीवन धान्दैन । दिने व्यक्तिले वा देशले पनि कुनै न कुनै स्वार्थ नराखी दिएको हुँदैन । सित्तैमा पाउने लोभमा फस्नाले उन्नतिका आधारलाई लत्याइरहेको हुन्छ । यसैले गौरवपूर्ण इतिहास रच्नका लागि पनि हामी स्वयंमा आत्मनिर्भर रहनसक्नुपर्दछ । जसबाट हाम्रो स्वाभिमान बँच्न सक्छ, स्वकीय पन रहनसकछ र अरू सामु पनि ठाडो शिर लिएर बाँच्न सक्दछौँ । संसारमा ठूलाले सानालाई शासन गर्नेभन्दा पनि निर्बललाई सबलले शासन गर्ने हो । शक्तिमा सम्पन्न व्यक्तिलाई कसैले पनि लल्कार्न सक्दैनन् । कमजोरलाई नै हो सबैले हेला गर्ने । जबसम्म हामी स्वावलम्बी हुँदैनौ तबसम्म हामी आफ्नो स्वत्वमा रहनसक्दैनौँ, शक्तिको शिखरमा रहँन सक्दैनौँ । अनुदानको आसमा चल्नु स्वकीय पन त्याग्नु हो । अनुदानले मान्छेलाई अल्छी बनाउने गर्दछ । पैसा दिनेभन्दा पनि पैसा कमाउनसक्ने सामर्थ्य दिने व्यक्ति महान् हुन्छन् । हामी हरेक कुरामा आत्मनिर्भर रहन सक्नुपर्दछ । विशेषत: यो संसारमा हरेक व्यक्ति स्वयं आफैँमा पूर्ण छ । जे भोग्छ आफैँले भोग्छ र भोग्नु पनि पर्दछ । एक्लै जन्मिने र एक्लै मर्ने संसारमा हरेक कुरा आत्मनिर्भर भएमात्र सम्भव छ अन्यथा परजीवी हुनु स्वाधीनता गुमानु हो । हरेक विषयको परीक्षा अन्तिम घडीमा हुन्छ । जसले अन्तिमसम्म साथ दिन सक्छ त्यो वास्तवमा असली साथी हुन्छ । जब हमीले त्यो लड्नसक्ने सामर्थ्य गुमाउछौँ तब हाम्रो असिततव पनि सकिएर जान्छ । कसैले सहयोग गर्दैछ भने त्यहाँ कुनै न कुनै स्वार्थ अवश्य नै रहेको हुन्छ । केही दीर्घकालिक होलान् त केही अल्पकालिक हुन सक्छन् । कुनै न कुनै स्वार्थविना कसैले पनि सहयोग गर्दैनन् । यसैले संसारमा सार्थक जीवन व्यतीत गर्नु छ भने आत्मनिर्भर भएर नै अघि बढ्न सक्नुपर्दछ । चाहे व्यक्ति होस् चाहे देश नै किन नहोस् आत्मनिर्भर हुनु, स्वावलम्बी हुनु वास्तमा सार्थक रूपमा जिउनु हो । जङ्गलमा पनि हरिणले एक्लै सिंहसँग बाँच्ने हो । ऊ सक्षम भयो, चलाख भयो, ऊ आफ्नो सुरक्षका निम्ति आफैँ सजग भयो भने सफलता मिल्छ अन्यथा मिल्दैन । सिंहले आक्रमण गरिसकेपछि पनि लड्ने आफैले हो, सामर्थ्य भए लड्छ नभए आत्मसमर्पणको विकल्प रहँदैन । बँचाउन आउने त्यहाँ कोही पनि हुँदैन । परिस्थिति त्यस्तै पर्यो भनेमात्र हो नभए एक्लै नै लड्नु पर्दछ । यसैले सामर्थ्य आफैले जुटाउनुपर्दछ । यसैले हाम्रा लागि आवश्यक पर्ने अत्यावश्यक वस्तुमा हामी निर्भर हुनै पर्दछ । भोलि खाद्यान्नको सङ्कट पर्‍यो भने सबैले आफ्नै देशका जनतालाई प्राथमिकता दिन्छन् त्यो बेला आफ्नो उत्पादन भएन भने हामी अरूको सहायता पनि नपाउने स्थितिमा पुग्छौँ । त्यो अत्यधिक मूल्यमा किन्नसक्ने सामर्थ्य भयोभने हामी बाँच्न सक्दछौँ । अन्यथा हाम्रो स्थिति उही स्वरूपमा रहन्छ । यसैले सकेसम्म आफूमै आत्मनिर्भर हुने नभए पनि त्यो प्राप्तिका निम्ति आर्थिक सामर्थ्य बनाएर राख्न सक्नुपर्दछ । सर्वप्रथमत: देशमा कृषि व्यवस्था मजबुँत हुनुपर्दछ । उत्पादन भएन भने र पैसाले किन्न पनि पाइएन भने त्यसले विकराल रूप लिन्छ । विदेशी बीउ बीजनभन्दा पनि स्वदेशी बीउबाट बीउ हुने प्रणालीलाई प्राथमिकतामा राख्नु आवइश्क हुन्छ । प्राङ्गारिक मलद्वारा कसरी धेरै उत्पादन दिन सकिन्छ भन्ने विषयमा खोज अनुसन्धान हुनुपर्दछ । कृषिमा मन्द विषको प्रभाव विस्तारै सर्वत्र छरिन थालेको छ । बीउमा परनिर्भर, मलमा परनिर्भर हुनुपर्ने बाध्यात्मक परिस्थितिको सिर्जना भइरहेको छ । जबसम्म हाम्रा स्थानीय प्रणाली नै पुनर्जीवति हुँदैनन् तबसम्म हाम्रो कृषिमा आत्मनिर्भरको बाटो खुल्दैन । शिक्षाको क्षेत्रमा पनि हामी परनिर्भर नै छौँ । हाम्रा नीति अरूले बनाइदिनु हुन्न । आफैँले बनाएका नीतिमा आफैँ अगाडि बढ्न सक्नुपर्दछ । राष्ट्रिय आवश्यकतालाई प्राथमिकतामा राख्न सक्नुपर्दछ । हाम्रा आृना शिक्षा पद्धति र परम्परलाई खोज्न र तदनुसार शिक्षा प्रणाली चलाउन सक्नुपर्दछ । समयनुसार आजको प्रविधिलाई पनि आत्मसाथ गर्ने शिक्षा हुनुपर्दछ । आजको हाम्रो माग र आवश्यकता के हो ? विश्वले कसरी शिक्षा दिइरहेको छ यी सबै परिप्रेक्ष बुझेर आफ्नो आवश्यकता अनुसारको शिक्षा दिनु आवश्यक छ । ज्ञान कहिल्यै पनि पुरानो हुँदैन । यसलाई प्रयोग गर्ने पद्धति पुरानो हुनसक्नछ । आजको प्रविधिसँगै त्यो ज्ञान पनि हुनु जरुरी छ । अरुका पद्धति सारेर होइन अरूका राम्रा कुरालाई पनि साथमा लिएर शिक्षा नीति, पाठ्यक्रम निर्धारण गर्नुपर्दछ । जसबाट स्वकीय विषयवस्तुको ज्ञान होस् र आजको अत्याधुनिक प्रविधिसँग पनि साक्षात्कार गर्न सकोस् । स्वाथ्यको क्षेत्रमा पनि स्वावलम्बी हुनु आवश्यक छ । खोज र अनुसन्धानका कार्यलाई तीव्रता दिनसक्नुपर्दछ । हाम्रो आयुर्वेद प्रच्य उपचारका पद्धतिलाई पनि साथमै राखेर अघि बढ्न सक्नुपर्दछ । आधुनिक उपचार पद्धतिका प्रविधिसँगै स्वकीय पक्षलाई पनि निरन्तरा दिनु पर्दछ । किनकि संसारमा औषधि नहुँने कुनै वृक्ष छैन । हरेक वृक्ष कुनै न कुनै रोगका औषधि हुन् । तर हामी अरूको उत्पादनमा भर पर्ने, हाम्रा आृना विषयवस्तुको खोज खनुसन्धानका कार्यमा अग्रस नहुने हो भने कालान्तरमा हामी स्वत्वहीन हुँन पुग्दछौँ । आफूमै भएको कस्तुरीको वास्ना थाह नपाएर भौँतारिएको मृगजस्तै भौतारिन बाध्य हुन्छौँ । यसैले पनि आत्मनिर्भर बन्नु हामी सबैका लागि आवश्यक छ । यसबाट नै हाम्रो कल्याण सम्भव छ । परावलम्बी हुने, परकीय पद्धतिलाई अवलम्बन गर्ने वृत्तिले समयमा काम गर्न सक्दैन । यसैले आफ्नै सामर्थ्यमा बाँच सक्नुपर्दछ ।

संसारमा जति पनि विकसित देश छन्, जति पनि शक्ति सम्पन्न देश छन् ती सबै आफ्नै मिहिनेतले सबल र सक्षम भएका हुन् । त्यसका पछि निरन्तरको मिहिनेत, परिश्रम लुकेको छ । राम्रो भित्रको नराम्रो र नराम्रो भित्रको राम्रो कुरा देख्न सक्नुपर्दछ । हरेक विषयवस्तुलाई समदर्शी भएर विचार गर्नुपर्दछ र जीवनमा पनि अवलम्बन गर्न सक्नु पर्दछ । अन्यथा हाम्रा स्वकीय पक्ष पनि हराएर जान्छन्, आफ्नो अस्तित्व हराएर जान्छ र हामी शरणर्थी बन्नुको विकल्प रहँदैन । हाम्रा आफ्ना विषयवस्तु जहिले पनि प्राथमिकतामा हुनुपर्दछ । हाम्रा पद्धति, शाखा सूत्र, हाम्रो आवश्यकता अनि हाम्रा ऋषि महर्षिले दिएका दिव्य ज्ञनका गङ्गामा निरन्तर हामी वहन सक्नुपर्दछ । विवेकाके अँखाले विचार गरेर तदनुसार कार्यान्वयनमा अघि बढ्न सक्नुपर्दछ । यसैगरी आजको समयलाई चिन्न सक्नुपर्दछ । आजको प्रविधिलाई पनि उपयोग गर्नुपर्दछ । जसबाट हामी स्वावलम्बी बन्न सक्छौँ र विकासको गतिमा अघिबढ्न सक्दछौँ । वर्तमानमा यही बाटो हाम्रा लागि श्रेयष्कर हुने देखिन्छ । विश्व परिवेश, आजको वर्तमान स्थिति, प्रविधिको विकास यी सबै कुरालाई हेर्दा हरेक क्षेत्रमा हामी आत्मनिर्भर रहनसक्नुपर्दछ । आजको नेतृत्व पनि तदनुसारको हुनु आवश्यक देखिन्छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : उत्साह र उमंगले भरिपूर्ण हुनेछ। सुनौलो अवसरले मन प्रसन्न रहनेछ। | **तुला** : सन्तुलित सोच राखेर मात्र निर्णय गर्नुहोला। खर्चमा सावधानी अपनाउनुहोला। |
| **वृष** : स्वास्थ्यसँग सम्बन्धित समस्या आँउन सक्छ खानपानमा सजग रहनु आवश्यक छ। | **वृश्चिक** : योजनाहरुलाई गोप्य राखेमा सफलता मिल्ने राम्रो संकेत देखिएको छ। |
| **मिथुन** : अचानक धन खर्च हुने सम्भावना भएकाले संयमित भएर धन खर्चिनुहोला। | **धनु** : भाग्यले साथ दिने योग छ। सोचेका र अपुरा रहेका कार्यहरु सहजै सम्पन्न हुनेछन्। |
| **कर्कट** : विशेष रुपमा घरायसी विवादको विषयलाई सुल्झाउन समय दिनुहोला। | **मकर** : काममा व्यस्तता बढ्नेछ। अनुशासन र निरन्तरताले अवश्य सफलता दिलाउनेछ। |
| **सिंह** : आत्मविश्वास बढ्ने र नेतृत्व क्षमतालाई निखार्ने उत्तम समय रहेको छ। | **कुम्भ** : अनुशरण गरेर कार्य गर्नेछन्। सहकर्मीबाट काममा सहयोग मिल्नेछ। |
| **कन्या** : सूक्ष्मता बिचारेर मात्र गर्नुहोला। आर्थिक स्थिति स्थिर रहने संकेत छ। | **मीन** : परिश्रमको राम्रो प्रतिफल मिल्नेछ। आर्थिक पक्ष निराशाजनक हुने सम्भावना छ। |

कृषि

# गोलभेँडाले उचित मूल्यपाएपछि किसान उत्साहित



गोलभेँडाको बजार मूल्य राम्रो भएपछि यसपटक सर्लाहीका किसान निकै उत्साहित बनेका छन् । गोलभेँडाको सहरका रूपमा परिचय बनाएको यहाँको हरिवन, लालबन्दी, ईश्वरपुर, बागमतीलगायत स्थानका किसानलाई यतिबेला गोलभेँडा टिप्ने र बजार लैजाने चटारो छ । हरिवन नगरपालिका-१ भोक्टेनीका किसान रामबहादुर महतोले गोलभेँडाबाट यसपटक नसोचेको मूल्य पाएको बताए । उनले अनुहारमा यसपटक युद्ध जितेको सिपाहीको जस्तै सन्तुष्टि देखिएको छ । महतोले यस वर्ष तीन बिघा खेतमा गोलभेँडा रोप्नुभएको थियो । "१२ कठ्ठाको गोलभेँडा सिजनको सुरु असोजबाटै निस्कन सुरु भयो", उनले भने, "अहिलेसम्म पनि बेचिरहेको छु ।" यस वर्ष गोलभेँडा क्रेटको रु एक हजार ७०० देखि दुई हजार ७०० सम्ममा बेचेको उनले सुनाए । अहिलेसम्म १२ कठ्ठा खेतबाट महतोले रु आठ लाख बढीको गोलभेँडा बिक्री गरिसकेका छन् । अझै एक डेढ लाखको बिक्री हुने उनले अनुमान छ । विगत २० वर्षदेखि गोलभेँडाखेती गर्दै आउनुभएका उनले गत वर्ष भने गोलभेँडामा लगानीसमेत डुबेको बताए । अरुको जग्गा भाडामा लिएर लगाएको पाँच बिघा गोलभेँडा टिप्ने पैसासमेत नआएपछि खेतमै ट्र्याक्टर लगाएको उनले भनाइ छ । त्यसको डरले यस वर्ष उनले खेती घटाएर तीन बिघामा मात्र गोलभेँडा लगाएका छन् । यस वर्षजस्तो गोलभेँडाको भाउ उनलोई थाहा भएअनुसार कहिले पाएको थिएन । यस वर्ष गोलभेँडाले पाएको मूल्य ऐतिहासिक रहेको किसानको भनाइ छ । गत वर्ष गोलभेँडाखेतीबाट लागेको झण्डै रु १० लाख ऋण यस वर्षको आम्दानीले लगभग तिरेको उनले सुनाए । "धेरै ऋण तिरिसकेँ, अब थोरै बाँकी छ । अझै गोलभेँडा बेच्न बाँकी छ । यस वर्ष ऋण पूरै तिरिन्छ होला", महतोले भने । गत वर्ष गोलभेँडाको मूल्य नपाएपछि खेतीबाट पछि हटेका धेरै किसान यतिबेला निकै पछुतो मानिरहेका छन्भने गत सिजनको घाटा बिर्सिएर गोलभेँडा रोप्ने अधिकांश किसान निकै खुसी छन् । गत वर्ष सुरुमा निकालेको बाहेक गोलभेँडाले मूल्य नपाउँदा धेरै किसानले गोलभेँडा खेतमै जोत्नुपरेको थियो । त्यही डरले यसपटक धेरै किसानले गोलभेँडा रोप्ने आँट गरेनन् । जसले गर्दा बजारमा गोलभेँडाको मागअनुसार उत्पादन नभएको स्थानीय व्यापारी विनोद खड्का बताउन्छन् । उनका अनुसार यस वर्ष परेको बेमौसमी वर्षा र गत वर्ष मूल्यमा आएको गिरावटका कारण मूल्यवृद्धिमा सहयोग पुगेको हो । "बेमौसमी वर्षाले नेपाल र भारत दुवैतर्फ गोलभेँडाखेतीमा क्षति पुगेको छ । त्यसले गर्दा बजारमा आपूर्ति कम र माग बढी भएपछि मूल्य बढ्नु सामान्य नियम हो", उनले भने । यस वर्ष गोलभेँडाले राम्रो मूल्य पाउनु दोस्रो कारण भारतीय गोलभेँडा नेपाली बजार भित्रिन नपाउनु पनि रहेको व्यवसायीको भनाइ छ । विगत वर्षहरूमा यसबेला नेपाली बजारमा भारतीय गोलभेँडा छ्यापछ्याप्ती हुने गरेको थियो । तर, यस वर्ष वर्षात्का कारण खेतीमै क्षति पुगेपछि उतै मागअनुसारको आपूर्ति छैन । त्यसले गर्दा भारतमै गोलभेँडा महँगो भएको व्यवसायी खड्काको भनाइ छ । यस घटनाले नेपालको उत्पादनले उपयुक्त मूल्य पाउन भारतीय उत्पादन खुला रूपमा नेपाल भित्रिने परिपाटी बन्द हुनुपर्ने स्पष्ट भएको धेरै किसानको धारणा छ । गोलभेँडामात्र नभई यस क्षेत्रमा उत्पादन भएका हरेक हरियो तरकारीले समेत यस वर्ष ऐतिहासिक मूल्य पाएको छ । यस वर्ष भान्टा प्रतिकठ्ठा रु एक लाख बढीको बिक्री गरेको स्थानीय किसान धनबहादुर तामाङले सुनाए । "पाँच कठ्ठामा लगाएको भान्टा अहिलेसम्म रु पाँच लाख ३३ हजारको बेचिसकेँ", उनले भने । भान्टा निस्किन सुरु भएदेखि अहिलेसम्म तामाङले रु ७० देखि १२० प्रतिकेजी मूल्य पाइरहनुभएको छ । भान्टाको मूल्य पनि यसपटक निकै लामो समय एकैनास रहेको थियो । सँगै लगाएका छिमेकीको भान्टाको बोट बेमौसमी वर्षाले मरेको तर, आफूले निकै मिहिनेत गरेर जोगाएको बोटबाट राम्रो उत्पादन भएको उनले भनाइ छ । हरिवन नगरपालिका-२ का किसान गिरिराज खरेलका अनुसार विगतमा पनि गोलभेँडाको मूल्य सुरुमा राम्रो रहने गरेको थियो । सिजनको सुरुमा चार हजार क्रेटसम्म किसानले लिने गरेका उनले अनुभव छ । तर, हप्ता दिन नबित्दै चार सय क्रेटमा झर्ने गरेको थियो । "सिजनको तेस्रो हप्ताबाट मुस्किलले रु तीन सयदेखि चार सय प्रतिक्रेट किसानले पाउने गरेका थिए । तर, यसपटक त्यसो भएन", उनले भने । यसपटक किसानले चार महिनासम्म एकैनासको मूल्यमा गोलभेँडा बेच्न पाएका छन् । अझै केही समय गोलभेँडाको मूल्य यस्तै रहने उनले अनुमान छ । आफूले विगत २९ वर्षदेखि गोलभेँडाखेती गर्दै आएको बताउने खरेलले यतिको राम्रो मूल्य अहिलेसम्म आफूलाई थाहा नभएको बताए । गत वर्ष ऋणमा डुबेका गोलभेँडा किसानले यस सिजन खेतबारी जोड्ने हैसियत बनाएका उनले दाबी छ । सिजनको सुरुमा र अन्तिममा दुईपटक भाउ पाउँदै आएको गोलभेँडाका लागि यस सिजन स्वर्ण वर्षका रूपमा र आएको उनले सुनाए । हरिवन नगरपालिका-१ का जितेन्द्र महतोले पनि गत वर्ष गोलभेँडा खेतीबाट ऋण बोक्नुपरेको थियो । तर यस वर्ष सबै ऋण तिर्ने उनले योजना छ । तीन बिघा खेतमा गोलभेँडा लगाभएका उनले रु सात लाखबराबरको गोलभेँडा बजार पुर्याइसक्नुभएको छ । गोलभेँडाको मूल्य स्थिर रहने मेसो पाएपछि उनले अन्य किसानको गोलभेँडा खेतसमेत हुण्डामा किनेर गोलभेँडा बजार पुर्याइरहेको बताए । जिल्लाको उत्तरी क्षेत्र सिँचाइको हिसाबले असुविधा भएका कारण यहाँका किसान तरकारीखेतीमा निर्भर छन् । यहाँ सिँचाइको एकमात्र विकल्प डिपबोरिङ हो । त्यसैले कम सिँचाइले हुने खेती गोलभेँडा, परवल, बोडी, सिमी, काक्रो, करेला, काउली, भान्टा, बन्दा, भिण्डी, खोर्सानीलगायत हरिया तरकारी यहाँ धेरै मात्रामा उत्पादन हुने गरेको छभने यहाँ उत्पादित तरकारी हरेक दिन लालबन्दीस्थित कृषि थोक बजारमा सङ्कलन गरेर व्यापारीले देशका प्रमुख सहरसम्म पुर्याउने गरेका छन् । काठमाडौं, हेटौँडा, विराटनगर, वीरगन्ज, बुटवललगायत सहरबाट व्यापारी तरकारी लिन सर्लाहीको लालबन्दीसम्म आइपुग्ने गरेका कृषि थोक बजार लालबन्दीका व्यवस्थापक शम्भुप्रसाद घिमिरेले जानकारी दिए ।

*-इहिमालय टाइम्स डटकम*

# गहुँ आयात : रित्तो कोटा, महँगो बजार



नेपालमा गहुँ आयात, फ्लोर मिल सञ्चालन र पिठोको बजार मूल्यलाई लिएर सरकार र उद्योगीबीच विरोधाभास देखिएको छ । सरकारले आधिकारिक माध्यमबाट गहुँ आयात गर्न मार्गप्रशस्त गरे पनि उद्योगीले त्यसलाई पूर्णत: बेवास्ता गरिदिएका छन् । अर्कातिर, बजारमा आटा तथा मैदाको मूल्य पनि ह्वात्तै बढेको छ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले १० माघ २०८१ मा व्यापारिक प्रयोजनका लागि उद्योगहरूलाई भारतीय कम्पनी 'नेसनल कोअपरेटिभ एक्स्पोर्ट लिमिटेड' (एनसीएल) मार्फत ९० हजार टन गहुँ आयात गर्न कोटा तोकेको थियो । गहुँ आयात गर्न चाहने उद्योग तथा फर्मले एक साताभित्र आवेदन दिनुपर्ने थियो । गहुँ आयात गर्न ५८ फर्म तथा कम्पनीले आवेदन दिए । प्रत्येक कम्पनीले न्यूनतम १ सयदेखि १० हजार टन गहुँ आयात गर्न पाउने व्यवस्था थियो । तर, कोटा तोकिए पनि उनीहरूले गहुँ आयात गरेनन् । त्यसपछि विभागले आयात गर्न भन्दै पटक-पटक म्याद थप्दै सूचना जारी गरे पनि गहुँ आयात भएन । चालु आव १७ भदौमा पनि विभागले सार्वजनिक सूचना जारी गर्दै एनसीएल मार्फत ४० हजार टन गहुँ आयात गर्न व्यवसायीलाई आह्वान गरेको थियो । कोटा तोकिएको गहुँ ३ महिनाभित्र ल्याइसक्नुपर्ने भनिएको थियो । तर, म्याद नाघिसक्दा पनि एउटा आवेदन विभागमा परेन । गत आव २०८१/८२ मा २ टन मात्रै गहुँ आयात भएको भन्सार विभागको तथ्यांकमा उल्लेख छ । वाणिज्य विभागका अधिकारीहरूका अनुसार आर्थिक वर्षका लागि गहुँ आयात गर्न उद्योगीले आधिकारिक रूपमा कोटा लिन कुनै आवेदन दिएका छैनन् । 'गहुँ आयात गर्न आवेदन निकालियो तर कोटा लिन एक जना पनि आएनन्,' विभागका एक अधिकारी भन्छन्, 'दुई वर्षदेखि आधिकारिक रूपमा गहुँ आयात नहुँदा ठूलादेखि साना सबै फ्लोर मिल शतप्रतिशत क्षमतामा चलिरहेका छन्, यी मिललाई कच्चापदार्थ कहाँबाट आपूर्ति भइरहेको छ ? यो गम्भीर विषय हो ।' भन्सार विभागको तथ्यांक केलाउने हो भने चालु आव २०८२/८३ मा ३८ करोड ९९ लाख ६६ हजार रुपैयाँको ८५ लाख ४१ हजार १ सय ५ किलो (८ हजार ५ सय ४१ टन) गहुँ आयात भएको देखिन्छ ।

**उद्योगीको दाबी : आयात प्रक्रिया नै मुख्य बाधक**

गहुँ आयात प्रक्रियामा सरकारले आयात गर्न चाहने कम्पनीको चुक्ता पूँजी कम्तीमा १ करोड रुपैयाँ हुनुपर्ने, विगतको कर चुक्ता प्रमाणपत्र हुनुपर्ने र कोटा प्राप्त गरेको तीन महिनाभित्र गहुँ आयात गरिसक्नुपर्ने प्रावधान छ । अर्को, एनसीएललाई शतप्रतिशत अग्रिम भुक्तानी गर्नुपर्ने र त्यसको वित्तीय स्रोत सुनिश्चित हुनुपर्छ । अनुमति पाउने कम्पनीले आयातित गहुँको मौज्दात, मूल्य र बिक्री विवरण साप्ताहिक रूपमा विभागमा बुझाउनुपर्ने र विभागले त्यसको अनुगमन गर्ने पनि सूचनामा उल्लेख छ । उद्योगीका अनुसार भारत सरकारले तोकेको आयात प्रक्रिया अत्यन्तै झन्झटिलो र जोखिमपूर्ण छ । 'खाद्यान्नजस्तो अत्यन्तै कम नाफा हुने व्यवसायमा शतप्रतिशत रकम अगाडि नै पठाउनु र थप १० प्रतिशत धरौटी राख्नुपर्ने व्यवस्थाले उद्योगीहरूलाई हतोत्साहित बनाएको छ,' एक उद्योगीले अनलाइनखबरसँग भने, 'भारतीय व्यापारीहरू समेत यो प्रक्रियामा सहभागी हुन नचाहेका कारण आधिकारिक च्यानलबाट गहुँ ल्याउन कठिन भएको हो ।' ठूलो रकम होल्ड गरेर काम गर्न भारतीय व्यापारीहरू समेत तयार नभएको उनको दाबी छ । उनका अनुसार टेन्डर प्रक्रियामा निकै कम भारतीय पार्टीले मात्र भाग लिएका कारण आधिकारिक कोटाबाट गहुँ ल्याउन कठिन भएको हो ।

**नेपालमै सहज गहुँ पाइन्छ : फ्लोर मिल्स एसोसिएसन**

नेपाल फ्लोर मिल्स एसोसिएसनका पूर्वअध्यक्ष माधवलाल श्रेष्ठ भने नेपालमै गहुँको उपलब्धता सहज भएका कारण कोटा अनुसार गहुँ नभित्रिएको दाबी गर्छन् । 'सरकारले यस वर्ष ४० हजार टनको कोटा तोके पनि करिब २५ प्रतिशतमात्र गहुँ आयात भएको हुन सक्छ,' उनले भने, 'आयात प्रक्रिया निकै झन्झटिलो भयो, प्रक्रिया चलिरहँदा यता नेपालमै गहुँ उचित मूल्यमा उपलब्ध हुन थाल्यो, त्यसैले भारतबाट थप गहुँ ल्याउन आवश्यक देखिएन ।' उनका अनुसार भारतीय कम्पनीले सूचना निकाल्नुपर्ने र अन्य कानुनी प्रक्रिया पूरा गर्दा समय धेरै लागेको थियो । 'यस सिजनमा भारतबाट गहुँ ल्याउँदा झन् महँगो पर्न जान्थ्यो,' उनले दाबी गरे, 'हामीसँग दुई-तीन महिनालाई पुग्ने स्टक छ, फेरि चैतदेखि नेपालमै गहुँको नयाँ सिजन सुरु हुने भएकाले अहिले बजारमा अभाव हुने स्थिति छैन ।' कुनै पनि उद्योग सञ्चालन गर्न कम्तीमा तीन महिनाको मौज्दात राख्नुपर्ने भएकाले मिलहरूसँग पर्याप्त गहुँ रहेको उनको दाबी छ ।

**कमिसनले समस्या भयो : उद्योगी**

एक आटा तथा मैदा उद्योगी एनसीएलले प्रतिकिलो गहुँमा १ रुपैयाँ कमिसन माग्ने हुँदा उद्योगीलाई गहुँ आयात गर्न महँगो परेको बताउँछन् । 'कानुनमा हामीले भारतको खुला बजारबाट गहुँ ल्याउन नपाउने हो,' उनी भन्छन्, 'प्रतिकिलो १ रुपैयाँ कमिसन तिर्नुपर्छ, महँगो नभएसम्म कसैले टेन्डर हाल्दैन, खुला बजारमा सस्तो पाइन्छ, तर टेन्डरको झन्झटमा पर्नुभन्दा भारतीय व्यापारीहरू नै खुला बजारमै बेच्न रुचाउँछन् ।' सरकारले भारतीय पक्षसँग सिधै 'जीटूजी' सम्झौता गरेर कोटा तोकिदिए सहज हुने तर्क उनको छ । 'सरकारले एनसीएलको झमेला हटाएर सिधै कुन उद्योगले कति ल्याउने हो, नाका तोकेर ल्याउन दिए ७ दिनमै माल आउँछ,' उनले थपे । उद्योगीहरू नै सरकारले तोकेको कोटाको गहुँ आयात गर्न झन्झट हुने हुँदा खुला बाटोबाटै गहुँ आयात गरेर उद्योग सञ्चालन गरिरहेको स्वीकार्छन् । यसले गर्दा सरकारले पाउनुपर्ने ५ प्रतिशत भन्सार राजस्व गुमाइरहेको छ ।

**गहुँमा भारतको भर**

नेपालमा वार्षिक ठूलो परिमाणमा गहुँको माग हुने गरे पनि आन्तरिक उत्पादनले मात्र धान्न नसक्दा भारतबाट आयातमा भर पर्नुपर्ने अवस्था छ । भारत सरकारले आफ्नो आन्तरिक खाद्य भण्डार सुरक्षित राख्न विगत तीन वर्षदेखि गहुँ निर्यातमा कठोर नीति अवलम्बन गरेको छ । यद्यपि, नेपालका लागि निश्चित कोटा छुट्याएर केही परिमाणमा गहुँ उपलब्ध गराउँदै आए पनि यसले नेपाली बजारमा भने ठूलो हलचल पैदा गरेको छ । तथ्यांक अनुसार नेपालका मैदा तथा आटा मिललाई पूर्ण क्षमतामा सञ्चालन हुन वार्षिक करिब ६ लाख टनसम्म गहुँ चाहिने उद्योगी बताउँछन् । भारतले खुला निर्यात बन्द गरी कोटा प्रणाली लागु गरेपछि आयात प्रक्रिया झन्झटिलो मात्र बनेको छैन, यसले कच्चापदार्थको लागत समेत ह्वात्तै बढाएको उद्योगीको भनाइ छ । स्वदेशी उत्पादनले मुलुकको कुल माग धान्न सक्ने अवस्था छैन । नेपालमा फल्ने गहुँले बढीमा तीनदेखि ६ महिनासम्म मात्र पुग्छ ।

**यस्तो छ गहुँ आयात तथ्यांक**

भन्सार विभागले सार्वजनिक गरेको पछिल्लो पाँच वर्षको तथ्यांक अनुसार नेपालमा आधिकारिक रूपमा हुने गहुँ आयातमा भारी गिरावट आएको छ । कुनै समय वार्षिक झन्डै २ लाख टनसम्म आयात हुने गहुँ आर्थिक वर्ष २०८१/८२ मा आइपुग्दा केवल २ टनमा खुम्चिएको छ । आव २०७७/७८ मा ९७ हजार ६९ टन गहुँ आयात भएको थियो, जसका लागि २ अर्ब ११ करोड ४२ लाख रुपैयाँ बाहिरिएको थियो । त्यसको अर्को वर्ष २०७८/७९ मा आयात ह्वात्तै बढेर १ लाख ९१ हजार ५ सय ८५ टन पुग्यो । त्यो बेला गहुँ आयातमा ६ अर्ब ३२ करोड ६२ लाख रुपैयाँ खर्च भएको थियो भने सरकारले ३२ करोड ७ लाख बराबर राजस्व संकलन गरेको थियो । तर, २०७९/८० देखि आयातमा व्यापक गिरावट सुरु भयो । त्यस वर्ष आयात घटेर ६ हजार ६ सय ६४ टनमा सीमित भयो । २०८०/८१ मा पनि यो क्रम जारी रहँदै ६ हजार ५ सय ४३ टनमात्र गहुँ भित्रियो ।

**नेपालमा कति फल्छ गहुँ ?**

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सार्वजनिक गरेको पछिल्लो चार वर्षको तथ्यांकले गहुँ खेती गर्ने जमिन र कुल उत्पादन दुवैमा गिरावट आएको देखाउँछ । आव २०७७/७८ मा मुलुकभरि कुल ७ लाख ११ हजार ६७ हेक्टर क्षेत्रफलमा गहुँ लगाइएकामा २१ लाख २७ हजार २ सय ७६ टन उत्पादन भएको थियो । २०७८/७९ मा गहुँ खेतीको क्षेत्रफल र उत्पादन दुवैमा केही सुधार आई ७ लाख १६ हजार ९ सय ७८ हेक्टर जमिनमा २१ लाख ४४ हजार ५ सय ६८ टन गहुँ उत्पादन भएको थियो । मन्त्रालयको विवरण अनुसार २०७९/८० मा गहुँ खेती गरिएको क्षेत्रफल ६ लाख ९७ हजार ७ सय ६२ हेक्टरमा खुम्चिँदा उत्पादन पनि घटेर २० लाख ९८ हजार ४ सय ६२ टनमा झरेको थियो । गिरावटको यो क्रम गत आव पनि जारी रह्यो । आव २०८०/८१ सम्म आइपुग्दा गहुँ खेती गरिने जमिनको क्षेत्रफल घटेर ६ लाख ८१ हजार ८ सय ५१ हेक्टरमा सीमित हुन पुगेको छ भने कुल उत्पादन पनि घटेर २० लाख ३५ हजार ५ सय ५९ टनमा खुम्चिएको छ । खेतबारी खण्डीकरण, सिँचाइ असुविधा, समयमा बिउ र मल अभाव तथा युवा जनशक्ति पलायनका कारण गहुँ खेतीको क्षेत्रफल घट्दै गएको कृषि विज्ञको विश्लेषण छ ।

*-अनलाइन खबर डटकम*



## बिक्रीमा राखिएका डाला :

पाल्पा, गुल्मी र स्याङ्जाको सङ्गमस्थल रिडीमा सञ्चालित माघे संक्रान्ति मेलामा बिक्रीका लागि राखिएका बाँसको चोयाबाट बनेका डाला । संक्रान्तिको अवसरमा माघ १ गतेदेखि सञ्चालन भएको मेलामा पाल्पा, बागलुङ, रूकुम, रोल्पा, हुम्ला, जुम्ला, मुस्ताङलगायतका स्थानबाट घरेलु सामग्रील्याई बिक्रीका लागि राखिएको छ । ***---तस्वीर :चुरामणी तिमिल्सीना/एनजेडी***

## कँाग्रेस 'पुस्तान्तरण'...

...कांग्रेसको आधिकारिकता पाएपछि गगनले यसलाई 'जित-हारको विषय' नबनाउन काँग्रेसीलाई आग्रह गरेका छन् । 'यो विजय-पराजयको विषय होइन, कुनै अलमलमा नपरौं, सबै संयम हो औं, जिम्मेवार बनौं, एकताबद्ध र हौं' गगनले अपिल गरेका छन्, 'विश्वास र भरोसा राख्नुहोस् अब काँग्रेस नवीन ऊर्जा र एकतासहित रूपान्तरणको दिशामा अगाडि बढेको छ । रिफर्मको यात्रा सुरु भइसकेको छ । अब उच्च आत्मविश्वास र व्यापक तयारीसाथ आसन्न निर्वाचनमा एकढिक्का भई लाग्नुपर्नेछ ।' उपभापति विश्वप्रकाश शर्माले छुटेका नेता, कार्यकर्तालाई समेटेर जाने बताएका छन् । निर्वाचन आयोगले विशेष महाधिवेशनलाई मान्यता दिएपछि उनले फेसबुकबाट सम्बोधन गर्दै अब निर्वाचनमा होमिने बताए । 'नेपाली कांग्रेस नवीन ढंगले आइएको छ । निर्वाचनमा होमिएको छ । हामी दिनरात मैदानमा तपाईंको साथमा रहनेछौं,' उनले भने, 'केन्द्रीय कार्यसमितिमा छुटेकालाई समेट्नेछौं । सँगै लिएर जाने छौं । भोलि, पर्सितिर उम्मेदवारको गति बढाउनेछौं ।'

**काँग्रेसको पहिलो बैंठक**

निर्वाचन आयोगले थापा नेतृत्वको नयाँ कार्यसमिति अद्यावधिक गर्दै आधिकारिकता दिएपछि पहिलो बैठक बसेको छ । शनिबार बसेको बैठकले तीनवटा एजेन्डामाथि छलफल गरेको छ । पार्टीलाई एक ढिक्का बनाउनका लागि सबैलाई फर्कन आह्वान गर्ने, टिकट वितरणका लागि पार्टीको संसदीय समिति बनाउने र प्रधानमन्त्रीको उम्मेदवार तय गर्ने जस्ता मुख्य विषयमा छलफल भएको हो ।

**देउवा पक्ष कानुनी उपचार खोज्दै**

यता शेरबहादुर देउवापक्षीय नेताहरु भने कानुनी उपचार खोज्दै छन् । कांग्रेसको विघटित केन्द्रीय कार्यसमिति बैठकले निर्वाचन आयोगको निर्णयविरुद्ध कानुनी र संवैधानिक उपचारका लागि अघि बढ्ने निर्णय गरेको छ । निर्वाचन आयोगको निर्णय पार्टीको विधान र संविधानविपरीत भएकाले यसको कानुनी उपचार खोज्ने देउवा पक्षीय नेताहरुको भनाई छ ।

## जलपन्छीको वासस्थान...

...यसबाहेक स्थानीय प्रजातिका चिबे चरा पनि देखिएको उल्लेख गर्दै कम देखिएका प्रजातिको विश्लेषण बाँकी रहेको बताए । परियोजनाका अर्का अधिकृत अमृत नेपालीले जलपन्छीको वासस्थान जोखिममा रहेकाले वासस्थान सुरक्षित गराउनुपर्नेमा जोड दिए । उनले कान्तितालमा करिब ४० प्रजातीको जलपन्छी देखिएको औंल्याउँदै सिमसार क्षेत्रको संरक्षणमा जोड दिए । कान्तितालमा गत वर्ष ५५ प्रजातिका जलपन्छी रहेका थिए । पानीमा आश्रित जलपन्छीको अवस्था, प्रजातिको अवस्था, तालतलैया र सिमसार क्षेत्रको अवस्थासमेतका बारेमा जानकारी जलपन्छी गणनाले लिने गर्छ । "नेपालमा जलपन्छीको अवस्था, कुन कुन प्रजाति, संख्या घटबढ, चराको अवस्था बारेमा गणना गर्छौं, र उनीहरुको आहारविहार तथा सिमसार क्षेत्र र तालतलैयाको अवस्था पनि पत्ता लगाउने परियोजनाले जनाएको छ । नेपालका ८० बढी सिमसार तथा जलीय क्षेत्रमा जलपन्छीको गणना भइरहेको छ । चराको अवस्थाका बारेमा अद्यावधिक गरेर सरकारलाई बुझाइने र सरकारले नीति निर्माण गर्दा र कार्ययोजना बनाउँदा टेवा पुग्ने विश्वास गरिएको छ । चरा गणना गर्ने मात्र नभएर समुदायस्तरमा यसका बारेमा सचेतना जगाउने, चरा संरक्षणमा प्रोत्साहन गर्ने र राष्ट्रिय अन्तरराष्ट्रियस्तरमा चरा संरक्षणका बारेमा जानकारीमूलक जनचेतना पनि बढाइने गरिएको परियोजनाले जनाएको छ । बाँकेको नेपालगन्जस्थित कान्तितालमा नेपाल सरकारले संरक्षण सूचीमा राखेका नौ प्रजातिका चरामध्ये सारसको एक प्रजाति पाइने गर्छ । सारसका साथै यहाँ सिलसिले हाँस, मरुन, कुट, बकुल्ला प्रजाति, जलेवा, सिम कुखुरा, किङ फिसरलगायत पानीमा आश्रित अन्य जलपन्छी रहेका छन् ।

***---रासस***

### खेलकुद समाचार

## एनआरटीलाई हराउँदै मच्छिन्द्रको विजयी



**काठमाडौं,** माघ ३/मच्छिन्द्र फुटबल क्लबले राष्ट्रिय लिग फुटबलमा विजयी शुरूआत गरेको छ । त्रिपुरेश्वरको दशरथ रंगशालामा भएको खेलमा मच्छिन्द्रले न्यूरोड टिम (एनआरटी) लाई १-० ले पराजित गरेको हो । एलिक श्रेष्ठको निर्णायक गोलमा मच्छिन्द्रले पहिलो खेलमै जीत निकालेको हो । एलिकले खेलको ६२औं मिनेटमा गोल गरे । गएको पुस ३० गतेदेखि राष्ट्रिय लिग शुरू भएपनि औपचारिक उद्घाटन शुक्रबार गरिएको हो । युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ताले प्रतियोगिताको उद्घाटन गरे । अखिल नेपाल फुटबल सै (एन्फा) को आयोजनामा भएको राष्ट्रिय लिग फुटबलमा 'ए' डिभिजनका १३ र एन्फा प्रेसिडेन्ट लिगका ४ गरि १७ वटा टोली सहभागी छन् । सिङ्गल राउन्ड रोबिनका आधारमा सञ्चालन हुने लिगमा कूल १ सय ३६ खेल हुनेछन् । राष्ट्रिय लिगका खेलहरू दशरथ रङ्गशाला, च्यासल रङ्गशाला र एन्फा कम्प्लेक्समा भइरहेका छन् । लिगको विजेताले ५० लाख रुपैयाँ पुरस्कार पाउने छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## गरिमा बैंकले गर्‍यो लोगो तथा छाप परिवर्तन

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

**पाल्पा,** माघ ३/गरिमा विकास बैंक लिमिटेडले आफ्नो लोगो तथा छाप परिवर्तन गरेको छ । बैंकले संस्थागत पहिचानलाई समयसापेक्ष थप सशक्त बनाउने उद्देश्यले बिहीबारदेखि लागू हुनेगरी आफ्नो आधिकारिक लोगो तथा छाप परिवर्तन गरेको हो ।

बैंके २०८२ कार्तिक २७ गते सम्पन्न उन्नाईसौं वार्षिक साधारणसभाबाट लोगो तथा छाप परिवर्तन गर्ने विशेष प्रस्ताव पारित गरेको थियो । सोही अनुसार विकास बैंकको दीर्घकालिन रणनीति अन्तर्गत रहेर बैंकले नयाँ लोगो तथा छाप कार्यान्वयनमा ल्याइएको हो । परिवर्तित लोगोले विकास बैंकको आधुनिकता सहितको सरल पहिचान तथा विश्वसनिय बैंकिङ सेवा प्रतिको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने विश्वास विकास बैंकले लिएको छ ।

यस अवसरमा सम्पूर्ण ग्राहक तथा सरोकारवालाप्रति निरन्तर विश्वास र सहयोगका लागि धन्यवाद व्यक्त गर्दै आगामी दिनहरूमा अझ प्रभावकारी र गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्ने बैंकले प्रतिबद्धता व्यक्त गरेको छ ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



जनहितमा जारी सन्देश

"पानी जीवन हो, खेर नफालौं ।"

–खानेपानी मुहानको संरक्षण गरौं ।
–आयोजनामा निर्माण भएका संरचनाहरूको सुरक्षा गरौं ।
–पानीको उचित सदुपयोग गरौं ।
–खेर गएको पानीलाइ करेसाबारीमा प्रयोग गरौं ।
–घरायसी, व्यक्तिगत र वातावरणिय सरसफाइमा जुटौं ।
–समय भित्र खानेपानी महसुल तिरौं, जरिवाना बाट बचौं ।
–इन्टेक, खानेपानी टंकी, धारा सधैं सफा राखौं ।
–वर्षातको समयमा पानी छानेर, उमालेर पिउने बानी बसालौं ।
–पानीको चुहावट बन्द गरौं ।

अनुरोधक
खानेपानी तथा सरसफाइ कार्यालय, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई